नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २००  २०७७ साल फागुन २७ गते बिहीबार (11 Mar. 2021 Thursday)  मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : खोप लगाउन ... ३ पृष्ठमा : नेपालमा अब कुनै ... ३ पृष्ठमा : निकारागुवाको चिनान्डेगा शहर ...

# बैशाख ३१ देखी राजविराजमा राष्ट्रिय महोत्सव हुने




**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

आउँदो बैशाख ३१ गतेदेखी राजविराजमा ११ दिने राष्ट्रिय महोत्सव हुने भएको छ ।

महोत्सव सम्बन्धी जानकारी दिने उद्देश्यले बुधबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा आयोजक रकी इन्टरटेन्टमेन्ट एण्ड एडभरटाइजिङ राजविराजका अध्यक्ष रकी झाले कोरोनाबाट थलिएको व्यपार ब्यवसायी, मनोरन्ज, खेलकुद लगायतका क्षेत्रलाई गति दिने उद्देश्यले राष्ट्रिय महोत्सव २०२१ को आयोजना गरिने जानकारी दिएका छन् ।

उनले २०७८ बैशाख ३१ देखी जेठ १० गतेसम्म ११ दिने महोत्सवको आयोजना हुने भन्दै कोरोनाका कारण थलिएको ब्यापार, ब्यवसायी, मनोरन्जन, खेलकुद लगायतका क्षेत्रलाई गति दिनका लागि महोत्सवले थोरै भएपनि उर्जा थप्ने बताए ।

महोत्सवमा मनोरन्जका विभिन्न साधनका साथै एक सय वटा व्यवसायिक स्टल पनि रहने छन् भने महोत्सव अवधीभर स्थानिय, राष्ट्रिय तथा छिमेकी राष्ट्र भारतका चर्चित कलाकारहरुद्वारा साँस्कृतीक कार्यक्रम प्रस्तुत हुने तय भएको जानकारी समेत गराइएको छ ।

उनले स्थानिय राजरंगशालामा आयोजना हुने महोत्सवबाट संकलित भएको रकम मध्ये ५ प्रतिशत रकम बृद्धा आश्रम निर्माण कार्यमा सहयोग गरिने जानकारी दिए ।

सो महोत्सवमा मिष्टर एण्ड मिस नेपाल, सिंगिङ आइडल नेशन, डान्सिङ आइडल नेशन तथा मिष्टर फिजिक्स नेशन २०२१ छनौटका लागि प्रतिष्पर्धात्मक कार्यक्रम समेत समावेश गरिएको महोत्सवका सहआयोजक मोशन पिक्चर प्रालिका प्रतिनिधि प्रतिक श्रेष्ठले बताए ।

उक्त प्रतिस्पर्धामा सहभागि हुन इच्छुकका लागि अनलाइन आवेदन बैशाख १ गतेदेखी ३० गतेसम्म खुल्ला गरिने आयोजकले जानकारी दिएको छ । उक्त प्रतिस्पर्धामा बिजयी हुने प्रतियोगिलाई मोटसाइकल, स्कुटर, ट्रफि र कदरपत्रका साथै नगद पुरस्कारसमेत प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

कुल एक करोड खर्च हुने अनुमान गरिएको महोत्सवमा सो खर्च विभिन्न प्रायोजक संघ संस्था, व्यवसायीक प्रतिष्ठान र प्रवेश शुल्कबाट जुटाइने आयोजक समितिले जनाएको छ ।

# लागुऔषधका फरार प्रतिवादी ९ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

लागुऔषध मुद्दाका एक फरार प्रतिवादी ९ वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको बलान बिहुल गाउँपालिका ४ निवासी ३० वर्षिय प्रमोद यादव छन् ।

२०६८ साल असोज १६ गते सोही गाउँपालिकाको कदमाहा-बेल्ही सडक खण्डमा एक सय एमएलको १ सय ४५ बोतल प्रतिबन्धित लागुऔषध कोरेक्ससहित पक्राउ परेका यादवमाथी लागु औषध नियन्त्रण ऐन अन्तरगत मुद्दा चलाइएको थियो ।

मुद्दा चलाइएपछि फरार भएका यादवलाई घरमै लुकिबसेको अवस्थामा पक्राउ गरि मंगलबार सप्तरी जिल्ला अदालतमा उपस्थिति गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

# १४ सांसदको निधनमा शोक प्रस्ताव पारित

काठमाडौं, २६ फागुन (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकले विभिन्न मितिमा निधन भएका पूर्व तथा वर्तमान सांसदको शोक प्रस्ताव पारित गरेको छ । बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले पूर्व तथा हालका १४ सांसदको निधनप्रति शोक प्रस्ताव प्रस्तुत गर्नुभएकामा सर्वसम्मतिले पारित भएको हो ।

दिवंगत सांसदको आत्माको चिरशान्तिको कामना गर्दै

*बाँकी अन्तिम पृष्ठमा*

# पिकअपको ठक्करबाट पैदलयात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीको अग्निसाइर कृष्णासवरणको जण्डौल सडकखण्डमा मंगलबार साँझ पिकअप भ्यानको ठक्करबाट एक पैदल यात्रीको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सो सडकखण्डमा पूर्वबाट पश्चिमतर्फ तिब्रगतिमा जाँदै गरेको प्रदेश ३-०१-०२४ च ४२६९ नम्बरको पिकअपको ठक्करबाट बाटो काट्ने क्रममा सोही गाउँपालिकाको वडा नं. १ निवासी २८ वर्षिय दिपक चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने गाडी र चालक कपिलबस्तुको बानगंगा नगरपालिका ४ निवासी २४ वर्षिय दिपेन्द्र थापालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
बि. सं. २००७

स्वार्गारोहण
बि. सं. २०७७/११/१३

**स्व. राजेन्द्र प्रसाद गुप्ता**

यस संस्थाका संचालक समितिका सल्लाहकार इन्द्रसागर गुप्ताका पुज्जनीय पिता **राजेन्द्र प्रसाद गुप्ता**को २०७७ फागुन १३ गते ७० वर्षको उमेरमा असमायिक निधन भएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

नेपाल सहकारी संस्था लि.
राजविराज ४, सप्तरी (परिवार)





**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं




**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन



**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ



**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




**यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ**

**भिडभाड, भौतिक दूरी** कम हुने र **भेन्टिलेशन** पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

स्रोत : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हुलाकी राजमार्गमा क्रोनिक ठेक्का तोडिँदै

हुलाकी राजमार्गअन्तर्गत लामो समयदेखि निर्माण अवरुद्ध भएका पुलको ठेक्का तोड्न थालिएको छ। निर्माण शुरु भएको १० वर्षसम्म सम्पन्न नभएका पाँच पुलमध्ये तीनको ठेक्का तोडिसकिएको छ भने दुई पुलको ठेक्का तोड्न प्रक्रिया अघि बढाइएको छ।

आयोजनाको सबैभन्दा ठूलो चुनौतीका रुपमा पुलको क्रोनिक ठेक्का रहेको थियो। एक दशक पहिले निर्माण शुरु भए पनि अघि नबढेका पुलको ठेक्का तोडेर नयाँ प्रक्रियामा जान लागिएको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ।

गत वर्षसम्म यस्ता क्रोनिक ठेक्का १० वटा रहेको निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो। उहाँका अनुसार निर्देशनालयले दुईको ठेक्का तोड्ने निर्णय गरेको थियो। सो निर्णयविरुद्ध निर्माण व्यवसायीले अदालतमा गएकाले मुद्दा विचाराधीन भएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "अदालतबाट निर्णय आएपछि मात्रै नयाँ ठेक्कामा जान सकिन्छ।" आयोजनाअन्तर्गतका पाँच पुलमा भने निर्माणको काम भइरहेको छ। १०/११ वर्ष पुरानो पुलमा अहिले निर्माण भइरहेकाले अवधि थप भएको छ। कमला र दलान नदीमा पुल सम्पन्न क्रममा रहेको छ। यी दुवै पुलको लम्बाइ ५०० मिटर छ। उहाँले भन्नुभयो, "यही वर्ष नै सम्पन्न गर्ने लक्ष्य लिइएको छ।"

आयोजनाअन्तर्गत अहिलेसम्म २४५ पुल रहेका छन्। अहिलेसम्म ७५ पुल सम्पन्न भएर प्रयोगमा आइसकेका छन्। पचहत्तर पुल डिजाइनका क्रममा र ९५ पुल निर्माणाधीन छन्। सडक बने पनि कतिपय स्थानमा पुल नबनेकाले सो सडकको प्रयोगकर्तालाई आवतजावत सजिलो भएको छैन। कतिपय स्थानमा पहिले भएका साँघुरा पुलमा पनि सवारीसधन र पैदलयात्रु आवतजावत गरिरहेका छन्। ती स्थानमा पुल निर्माणपछि आवतजावत सहज हुने अपेक्षा गरिएको छ। आयोजना आर्थिक वर्ष २०७९/८० सम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ। सोही अवधिसम्ममा नै निर्माणाधीन र निर्माण शुरु नभएका पुलसमेत सम्पन्न गर्नुपर्ने चुनौती छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# खोप लगाउन उत्साह

काठमाडौँ, २६ फागुन (रासस)। कोरोना कोभिड-१९ विरुद्धको खोप लगाउनका लागि सर्वसाधरणमा उत्साह छाएको छ। अहिले खोप लगाउनका लागि बिहानैदेखि सर्वसाधारणको खोप केन्द्रमा लामो लाइन देख्न सकिन्छ।

दोस्रो चरणको खोप यही फागुन २३ गतदेखि सञ्चालन भइरहेको छ। पैंसठ्ठी वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई उपलब्ध गराइने खोपमा अहिले दैनिक दुई लाखभन्दा बढीले खोप लगाइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार खोपप्रति नकारात्मक धारणा परिवर्तन भएपछि खोप लगाउने सङ्ख्यामा वृद्धि भइरहेको छ। पहिले खोपबारे नकारात्मक सोचका कारणले खोप लगाउन त्यति उत्साह थिएन" उहाँले भन्नुभयो, "तर अहिले ज्येष्ठ नागरिक बिहानै खोप लगाउन खोप केन्द्र गइरहनुभएको छ।"

उहाँले नेपालमा लगाइने खोप 'कोभिशिल्ड'को प्रभावकारिता पनि ७१ प्रतिशत रहेकाले खोप लगाउने सङ्ख्या वृद्धि भएको हो। अहिले भारतको सिरम इन्स्टिच्युटबाट खरीद गरी ल्याइएको खोप 'कोभिशिल्ड' लगाउन थालिएको छ। 'कोभिशिल्ड' खोप प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख अग्निप्रसाद सापकोटा, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, डा बाबुराम भट्टराई तथा सरकारका मन्त्रीगणसमेतले लगाइसक्नु भएको छ।

सरकारले भारतसँग अनुदानमा १० लाख मात्रा र भारतको सिरम इन्स्टिच्युट अफ इण्डियाबाट १० लाख खोप मात्रा 'कोभिशिल्ड' खरीद गरी ल्याइसकेको छ भने १० लाख मात्रा ल्याउन बाँकी रहेको छ। यस्तै कोभ्याक्स सुविधामार्फत तीन लाख ४८ हजार मात्रा खोप पनि नेपाल आइसकेको छ। स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा झलक शर्मा गौतमले खोपको पहुँच पनि पुऱ्याएको र खोपबारे भएको शङ्का मानिसमा हटेपछि लगाउनेको सङ्ख्या वृद्धि भएको छ।

दोस्रो चरणको खोप अभियानमा सरकारले अहिले हिमाली भेगका १५ जिल्लाका ५५ वर्षभन्दा माथि र अन्य भेगका ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई करीब चार हजार खोप केन्द्रबाट खोप लगाइरहेका छन्। सो खोप अभियानमा १६ हजार स्वास्थ्यकर्मी परिचालन गरिएको छ। "नयाँ खोपबारे के हुन्छ कसो हुन्छ भनेर मानिसमा केही जिज्ञासा आएको थियो" उहाँले भन्नुभयो, "तर खोप लगाएपछि कसैलाई सामान्य असर बाहेक जटिल समस्या नदेखिएकाले मानिसमा खोप लगाउन उत्साह आएको हो।"

खोप लगाएको ठाउँमा सुन्निने, रातो हुने, दुख्ने, थकाइ र आलस्य महसुस हुने, सामान्य ज्वरो आउने, टाउको दुख्ने, वाकवाकी हुने, मांशपेशी वा जोर्नी दुख्ने, फ्लु जस्ता लक्षण देखिने गर्दछन्। खोप शाखा प्रमुख डा गौतमले कोभिशिल्ड खोप लगाएपछि सामान्यभन्दा जटिल समस्या नदेखिएको बताउनुभयो। उहाँका अनुसार अहिले दैनिक दुई लाखदेखि दुई लाख ५० हजारसम्म मानिसले खोप लगाइरहेका छन्। अहिलेसम्म ११ लाख मानिसले खोप लगाइसकेका छन्।

सरकारले कूल जनसङ्ख्याको ७२ प्रतिशतलाई खोप लगाउने लक्ष्य लिएको छ। पहिलो चरण गत माघ १४ देखि फागुन १० गतेसम्म १.४ प्रतिशत जनसङ्ख्यालाई खोप उपलब्ध गराइएको छ। उक्त अभियानमा चार लाख २९ हजारलाई खोप प्रदान गरिएको थियो। खोप स्वास्थ्य तथा सामाजिक क्षेत्रका तीन प्रतिशत, ५५ वर्षभन्दा माथिका १७ प्रतिशत, ४० वर्षदेखि ५४ वर्षका ९.५५ प्रतिशत, १५ देखि ३९ वर्ष उमेर समूहका ४२.६२ प्रतिशतलाई कोभिड-१९ विरुद्धको 'कोभिशिल्ड' खोप लगाइने भएको छ।

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले मानिसको खोप लगाउने प्रति आकर्षण बढेकोले खोप पुऱ्याउन नसकिने हो कि भन्ने लागेको बताउनुभयो। सरकारले खरीद गरेको १० लाख मात्रा 'कोभिशिल्ड' चाँडै नै आउने उहाँले बताउनुभयो। यस्तै सरकारले ५० लाख मात्रा 'कोभिशिल्ड' खोप खरीद गर्ने प्रक्रियासमेत अगाडि बढाइसकेको छ। यसैगरी कोभ्याक्स सुविधामार्फत एक करोड ३० लाख मात्रा खोप नेपालमा आउने भएको छ। पहिलो मात्रा लगाएको आठदेखि १२ हप्ताभित्र लगाएको खोप बढी प्रभावकारी हुन्छ।

खोप लगाएपछि पनि कोभिड-१९ बाट बच्नका लागि स्वास्थ्यका मापदण्ड अपनाउनुपर्ने मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले बताउनुभयो। नेपालमा अहिलेसम्म कोभिड-१९ को दुई लाख ७४ हजार ८६९ जनालाई सङ्क्रमण, दुई लाख ७० हजार ९७८ जना सङ्क्रमणबाट निको र तीन हजार १२ जना सङ्क्रमणबाट निको भइसकेका छन्। यस्तै नेपालमा निको हुने दर ९८.६ प्रतिशत रहेको छ।

# वीरगञ्ज भन्सार आइपुग्यो बङ्गलादेशको रासायनिक मल

काठमाडौँ, २६ फागुन (रासस)।

बङ्गलादेशबाट खरीद गरिएको रासायनिक मल वीरगञ्ज भन्सार आइपुगेको छ। रासायनिक मल खरीदको जिम्मा पाएको सरकारी कृषि सामग्री कम्पनीका अनुसार पहिलो चरणमा दुई हजार ५०० टन मल भन्सार आइपुगेको हो।

भन्सारमा आइपुगेको उक्त रासायनिक मल भन्सार पास गरी कम्पनीको भण्डारणमा लैजाने काम भैरहेको छ। नेपाल सरकार र बङ्गलादेश सरकार (सरकार-सरकारबीच (जिटुजी) सम्झौताअनुसारको पहिलो चरणको रासायनिक मल नेपाल आइपुगेको हो।

बङ्गलादेशबाट खरीद गरिएको ५० हजार मेट्रिक टन रासायनिक मलमध्येमा पहिलो चरणमा कोलकातामा २२ हजार ५०० टन रासायनिक मल ल्याइएको कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार कोलकाताबाट रेल तथा ट्रकमार्फत नेपालमा ल्याइनेछ।

गत बिहीबार कोलकाताबाट छ ट्रकमा २५० टन मल विराटनगरका लागि ल्याइएको उहाँले जानकारी दिनुभयो। यसैगरी मंगलबार पुनः रेलमा दुई हजार ५०० टन मल नेपालका लागि हिडिसकेको छ। रेल तथा ट्रकमार्फत आउने मल कृषि सामग्री कम्पनीको विराटनगर, वीरगञ्ज र भैरहवामा रहेका गोदाममा राखिने कम्पनीले जनाएको छ।

बङ्गलादेशसँग प्रति मेट्रिक टन २५९.१९५ अमेरिकी डलरमा मल खरिदको सम्झौता भएको भण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार कृषि सामग्री कम्पनीबाट रासायनिक मल खरीदको अन्तिम सम्झौताअनुसार बङ्गलादेशसँग प्रतिमेट्रिक टन १८ डलरमा सम्झौता भएको हो।

जिटुजीमार्फत मल ल्याउन गत कात्तिक २४ गते बसेको मन्त्रिपरिषद् बैठकले कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई स्वीकृति दिएको थियो। मन्त्रालयको निर्देशनअनुसार कृषि सामग्री कम्पनीले मल खरीदको तयारी गरेको थियो। तयारीस्वरुप गत पुस २ गते जिटुजी प्रक्रियामार्फत मल खरीदका लागि कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक भण्डारी र बङ्गलादेश केमिकल इन्डस्ट्रिज कर्पोरेसनका अध्यक्ष महम्मद एमिन उल अहसनबीच सम्झौता भएको थियो।

सम्झौता भएको साढे तीन महिनापछि पहिलो चरणको मल नेपाल आइपुग्न लागेको हो। कृषि सागग्री कम्पनीले बङ्गलादेशबाट ल्याइने रासायनिक मल ढुवानीका लागि गत असोजमा संयुक्त अरब इमिरेट्स (युएई) को जेन्ट्रेड एफजेडएफ कम्पनीलाई जिम्मा दिइसकेको छ।

# बैंकिङ घोटालामा १३६ विरुद्ध मुद्दा दायर

काठमाडौँ, २६ फागुन (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लामो समयदेखि अनुसन्धानमा रहेको एक बैंकिङ घोटालासम्बन्धी विषयमा मिहिन छानबिन गरी मंगलबार एकैपटक १३६ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले झण्डै रु ४० करोड बराबरको घोटाला भएको तथ्यसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो। सरकारी स्वामित्वको नागरिक लगानी कोषको समेत लगानी रहेको तत्कालीन रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लि र सो फाइनान्ससमेत 'मर्ज' भई बनेको तत्कालीन एपेक्स डेभलपमेन्ट बैंकमा कोषको तर्फबाट सञ्चालकमा नियुक्त भएका नवौं तहका कर्मचारी छविरमण अधिकारीले गलत तरिकाले कर्जा प्रवाह गरेको पाइएको छ। उक्त बैंक हाल नेपाल क्रेडिट एण्ड कमर्स बैंकमा समाहित भएको छ।

आयोगका अनुसार सो बैंकको दरबारमार्ग शाखाबाट प्रवाह भएका अधिकांश कर्जामा न्यूनतम मापदण्डसमेत नअनाएको पाइएको छ। लापर्वाही तवरले ठूलो मात्रामा कर्जा प्रवाह भएको तथा हिनामिना, हानी नोक्सानी गरिएको पाइएको छ। धितोको मूल्याङ्कन गर्दासमेत बदनियत राखिएको पाइएको छ।

आयोगले साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडका सञ्चालक वसन्त मल्ल, वरिष्ठ प्रबन्धक विकास श्रेष्ठ, प्रबन्ध सञ्चालक मधुवनलाल श्रेष्ठ, इनोभेटिक कन्सेप्ट नेपालका सञ्चालक मनोजकुमार भेटवाल, ऋणी भैरवप्रसाद भेटवाल र रविन लामासमेतलाई पक्राउ गरी विशेष अदालतमा पेश गरेको छ। आयोगले कूल ११ मुद्दामा फरक फरकरुपमा नागरिक लगानी कोषका तर्फबाट सञ्चालक रहेका छविरमण अधिकारीसमेत गरी १३६ विरुद्ध मुद्दा दायर गरिएको प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिनुभयो। उनीहरू विरुद्ध बिगोअनुसारको कारवाहीको माग गरिएको छ।

# नेपालमा अब कुनै प्रकारको अशान्ति छैन : प्रधानमन्त्री ओली



काठमाडौँ, २६ फागुन (रासस) । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा अब कुनै प्रकारको अशान्ति नरहेको बताउनुभएको छ । राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयद्वारा २०औँ स्थापना दिवसका अवसरमा बुधबार सिंहदरबारमा आयोजित कार्यक्रममा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष ओलीले नेपाल अब विकास र सुशासनको बाटामा अघि बढेको बताउनुभयो ।

हिंसाको बाटामा हिँडेकालाई शान्तिको मूलधारमा ल्याउन आफ्नो सरकार सफल भएको जनाउँदै उहाँले पृथकतावादी सोचलाई समेत टुङ्ग्याइएको बताउनुभयो । "हामी राष्ट्रिय एकताको भावका साथ अघि बढेका छौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अब देशमा हिंसाको अन्त्य भएको छ, नेपाल शान्तिको नयाँ युगमा प्रवेश गरेको छ ।" यसका लागि सुरक्षा परिषद्को नीतिले पनि उल्लेख्य काम गरेको उहाँको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले आफू राष्ट्रिय एकताको भावका साथ अघि बढेको तथा देशमा शान्ति, सुशासन र राष्ट्रिय एकताको ढोका खोल्ने काम आफूले गरेको स्पष्ट पार्नुभयो । छिमेकी देशसितको सम्बन्ध सुमधुर बनाइएको जनाउँदै उहाँले केही समस्या भए वार्ताका माध्यमबाट नै हल गरिने स्पष्ट पार्नुभयो । उथलपुथल र उतारचढावका समयमा परिषद्को सचिवालयको स्थापना भएको स्मरण गराउँदै प्रधानमन्त्री ओलीले हासिल गरिएका अनुभवका आधारमा काम गर्दै अघि बढ्न सुझाव दिनुभयो ।

नेपाली सेनाको परिचालन र प्रयोग सही ढङ्गले हुँदै आएको बताउँदै उहाँले नेपाल विश्वमा शान्ति स्थापनाका पक्षमा रहेको स्पष्ट गर्नुभयो । "ठूलो होस् वा सानो देश, विश्वमा न्यायोचित हकको रक्षाका लागि मात्र सेना परिचालन गरिनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो । विश्वमा अर्काको अहित हुने गरी सेनाको परिचालन गर्न नहुनेमा उहाँले जोड दिनुभयो ।

असहज र अप्ठयारो अवस्थामा सेनाको प्रयोग गरिँदै आएको प्रसङ्ग जनाउँदै प्रधानमन्त्री ओलीले सुरक्षा, सेवा र निर्माणका काममा सेना अहोरात्र खटिँदै आएको स्मरण गर्नुभयो । अन्तरराष्ट्रिय क्षेत्रमा समेत नेपाली सेनाले शान्ति स्थापनार्थ उल्लेखनीय योगदान दिँदै आएको बताउँदै प्रधानमन्त्रीले भन्नुभयो, "सेनाले आफू जोखिम मोलेर भए पनि शान्ति स्थापनाका लागि काम गर्दै आएको छ ।"

विश्वसनीय र भरपर्दो निकाय नेपाली सेनाले सेवा र निर्माणका क्षेत्रमा जनताको मन छुने गरी काम गर्दै आएको प्रधानमन्त्रीले बताउनुभयो । कतिपय समयमा सेनालाई अनावश्यक विवादमा तान्ने कामसमेत भएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले सेनाले आफ्नो प्रतिष्ठा जोगाएर काम गर्दै आएको छ भन्नुभयो । "सेना जस्तो संस्थालाई वादविवादमा तान्न उचित हुन्न", उहाँले जोड दिनुभयो ।

जनतालाई भ्रममा पार्ने तत्वसँग सचेत हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले मूल कानून संविधान मानेर सबै अघि बढ्नुपर्ने सुझाव दिनुभयो । परिषद्को स्थापना लड्न र भिड्नलाई मात्र नभएको स्पष्ट पार्दै प्रधानमन्त्री ओलीले यसको काम शान्ति सुरक्षाको वातावरण कायम गर्नु भएको जनाउनुभयो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले परिषद्को सचिवालयको हाताभित्र वृक्षारोपणसमेत गर्नुभएको थियो । कार्यक्रममा उपप्रधानमन्त्री ईश्वर पोखरेल, परिषद्का सदस्य गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, मुख्यसचिव शङ्करदास वैरागी र प्रधानसेनापति पूर्णचन्द्र थापा, रक्षासचिव एवं परिषद्का सदस्य-सचिव रेश्मीराज पाण्डे, सुरक्षा निकायका उच्चपदस्थ अधिकारी, कर्मचारी, सञ्चारकर्मीलगायतको सहभागिता थियो । परिषद् सचिवालयको स्थापना २०५८ फागुन २७ गते गरिएको हो ।

# समयमै पाठ्यपुस्तक उत्पादन गर्न शिक्षामन्त्रीको निर्देशन

भक्तपुर, २६ फागुन (रासस) । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई समयमा पाठ्यपुस्तक उत्पादन गर्नै आगामी निर्वाचनका लागि मतपत्र छपाइ गर्ने तयारीमा रहन निर्देशन दिनुभएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा मंगलबार पाठ्यपुस्तक छपाइको अनुगमन एवं मतपत्र छपाइ गर्ने सेक्युरिटी प्रेसको अवलोकन गर्दै उहाँले यस्तो बताउनुभएको हो । केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झालाई निर्देशन दिँदै मन्त्री श्रेष्ठले भन्नुभयो, "मतपत्र छपाइ गर्ने तयारीमा रहनुहोस्, निर्वाचन आयोगले कुनै पनि बेला मतपत्र छपाइ गर्न निर्देशन आउँन सक्छ, निर्देशन आउने बित्तिकै मतपत्र छपाइ गर्न सुरु गर्ने गरी तयारी गर्नुस् ।" सरकारले छिट्टै निर्वाचनको घोषणा गर्नसक्नेतर्फ सङ्केत गर्दै उहाँले मतपत्र छपाई गर्नुपर्ने मेशिन मर्मत गर्नुपर्ने मर्मत गरेर राख्न निर्देशनसमेत दिनुभयो ।

निर्वाचन आयोगमा पनि मतपत्र छपाइ गर्ने मेशिन थन्किएर रहेको जानकारी आफूले जानकारी पाएको बताउँदै मन्त्री श्रेष्ठले आयोगसँग समन्वय गरेर ती मेशिनसमेत ल्याएर मतपत्र छपाइको तयारीमा राख्न उहाँले भन्नुभयो । कर्मचारीले उच्च मनोबलका साथ काम गर्नुपर्ने औँल्याउँदै उहाँले देश हार्ने काम होइन, देश जित्ने काममा लाग्नुस् भन्दै केन्द्रलाई मेशिन थप गर्न मन्त्रालयले आवश्यक पहल गर्ने पनि बताउनुभयो ।

"केन्द्रले समयमै पुस्तक दिन सक्दैन भनेर आलोचना हुँदै आएको छ, यसको दोष मन्त्रीसम्म जोडिन्छ", मन्त्री श्रेष्ठले भन्नुभयो, "अब केन्द्रले पुस्तक दिन सकेन भनेर गुनासो सुन्न नपरोस्, नयाँ शैक्षिकसत्र शुरु हुनु अगाडि विद्यार्थीको हातहातमा पुस्तक पुगेन भने राम्रो हुँदैन ।" कक्षा ६ को किताब अहिले किन छपाइ नभएको भन्दै उहाँले पाठ्यक्रम विकास केन्द्रले समयमै पिआरसी नपठाए आफूले भन्ने बताउँदै उहाँले असारमा शुरु हुने शैक्षिक सत्र अगाडि नै कुनै पनि बाहनामा पुस्तक विद्यार्थीको हातमा पुगेन भन्ने सुन्न नपरोस् भन्नुभयो ।

मन्त्री श्रेष्ठले भन्नुभयो, "काठमाडौँमा बसेर जुम्लालाई हेर्नुस्, काठमाडौँमा सहजै पुस्तक पाइएला, दुर्गममा पहिला पुस्तक पुऱ्याउनुस्, १ कक्षादेखि १२ कक्षासम्मको पुस्तक प्रकाशन तपाईंहरूले गर्नैपर्छ, पुस्तक समयमै देशभरका विद्यार्थीको हातहातमा पुग्नुपर्छ ।" जनक शिक्षामा आधार शेयर अर्थ मन्त्रालयको भएकाले अर्थ मन्त्रालयसँग समन्वय गरेर त्यहाँबाट हुने सबै छपाई यहीँबाट गर्ने गरी व्यवस्था मिलाउनसमेत उहाँले भन्नुभयो । उहाँले जनक शिक्षामा मात्रै नभई शिक्षा मन्त्रालयअन्तर्गत रहेका अस्थायी, करार र ज्यालादारीका कर्मचारीको समस्या समाधान गर्ने बताउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव एवं केन्द्रका अध्यक्ष रामप्रसाद थपलियाले जनक शिक्षामा पाठ्यपुस्तक छपाईमा अब समस्या छैन भन्नेमा आफू ढुक्क भएको बताउनुभयो । पाठ्यपुस्तक उत्पादनमा केन्द्रमा कुनै समस्या नरहेको दाबी गर्दै उहाँले वितरण प्रभावकारी बनाउनु आवश्यक रहेको बताउनुभयो । जनक शिक्षाको प्रदेश कार्यालयबाट पुस्तक छाप्ने र केन्द्रलाई पूर्णरुपमा सेक्युरिटी प्रेसको रुपमा मात्रै सञ्चालन गर्ने गरी जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले वार्षिक पाँच करोड थान पुस्तक छपाई गर्ने क्षमता रहेको जनक शिक्षा घाटामा गएको बताउनुभयो । घाटा न्यूनीकरण गर्न सरकारका सबै छपाई केन्द्रलाई दिनुपर्ने उहाँको भनाइ थियो ।

## विश्व समाचार

### निकारागुवाको चिनान्डेगा शहर ज्वालामुखीको धुलोले ढाकियो

मानागुवा, २६ फागुन (रासस/एएफपी) ।

मध्य-अमेरिकी राष्ट्र निकारागुवाको सबैभन्दा अग्लो ठाउँ सान क्रिस्टोबलमा ज्वालामुखी बिस्फोट हुँदा चिनान्डेगा शहर र त्यसको आसपासको क्षेत्रको आकाश धुँवा र धुलोले ढाकिएको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार मङ्गलबारको उक्त बिस्फोट निकै शक्तिशाली रहेको र आकाशमा धुँवा र खरानीजस्तै धुलो १७ किलोमिटरसम्म फैलिएको थियो । सान क्रिस्टोबलमा सामान्यतया वर्षैभरि ज्वालामुखी सक्रिय हुने गर्दछ ।

स्थानीय पत्रकार कारोल अल्टामिरानोले धुँवा र धुलोका कारण किसानको धान, तरकारी र फलफूल तथा गाईबस्तुका चरन सबै खैरो धुलोले ढाकिएको जानकारी दिनुभयो ।

इनेटर अध्ययन इन्स्टिच्यूटले ज्वालामुखीको तीव्रता आगामी दिनमा घट्ने र जनजीवनमा त्यति खतरा उत्पन्न नहुने बताएको छ ।

यसपटकको ज्वालामुखी बिस्फोटबाट करिब ३० मिनेटसम्म धुँवा र धुलो आकाशमा आएको थियो । सडकमा गुडिरहेका सवारी साधनले प्रकाश मधुरो भएपछि दिउँसै बत्ती बाल्नु परेको थियो ।

किसानले पानीका स्रोतलाई छोप्नुका साथै गाईबस्तुलाई सुरक्षित स्थानमा लगेका थिए । शहरमा मानिसले छाता ओढ्ने, टोपी लगाउने र अनुहारमा मास्क लगाउने गरेका थिए ।

करिब एक हजार ७४५ अग्लो सान क्रिस्टोबलको ज्वालामुखी क्षेत्र मध्य अमेरिकी क्षेत्रको सातौं हो । यो क्षेत्र राजधानी मानागुवादेखि उत्तरपश्चिम करिब १३२ किलोमिटर टाढा चिनान्डेगा क्षेत्रमा रहेको छ ।

### ब्राजिलमा कोरोनाबाट मृत्यु हुने अहिलेसम्मकै बढी

साओ पाउलो, २६ फागुन (रासस/सिन्ह्वा) ।

ब्राजिलमा मङ्गलबार मात्र कोरोना भाइरसको सङ्क्रमणबाट करिब दुई हजार व्यक्तिको मृत्यु भएको बताइएको छ । ब्राजिलमा कोरोना महामारीका विरुद्धमा लड्नको लागि अस्पताल र खोपहरुले विस्तारै प्रगति भएको समाचारमा उल्लेख गरिएको छ । तर पनि यता मृत्यु हुनेको संख्या भने अझै घटेको छैन ।

कोरोना भाइरस महामारीका कारण भएको मृत्युमा विश्वमा नै दोस्रो स्थानमा रहेको ब्राजिलमा गत २४ घण्टामा एक हजार ९७२ जनाको कोभिड-१९ को सङ्क्रमणबाट नै मृत्यु भएको यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

कोरोना भाइरसको सङ्क्रमणको कारण सबैभन्दा बढी अमेरिकामा मृत्यु भएको छ । त्यसपछि दोस्रो क्षति ब्राजिलमा नै पुगेको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन् ।

गत २४ घण्टामा ब्राजिलमा थप ७० हजार ७६४ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएपछि कुल सङ्क्रमितको संख्या एक करोड ११ लाख पुगेको छ । ब्राजिलमा कोरोना शुरु भएयता हालसम्म दुई लाख ६८ हजार ३७० को मृत्यु भइसकेको छ ।

ब्राजिलमा कोरोना सङ्क्रमणको दैनिक तथ्याङ्कअनुसार गत मार्च ३ मा यसबाट एकै दिनमा एक हजार ९०० को मृत्यु भएको थियो । गत दुई हप्ता यता यहाँ कोरोनाबाट ज्यान गुमाउनेको संख्या बढ्दै गएको बताइएको छ ।

सार्वजनिक स्वास्थ्य संस्था फिओक्रुजले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार ब्राजिलका २७ ओटा प्रान्तीय राजधानीमा २५ ओटा राजधानी शहरका स्वास्थ्य संस्थाका आकस्मिक कक्ष ८० प्रतिशतभन्दा बढी भरिएका बताइएको छ ।

"कोभिड-१९ विरूद्धको उपचार तथा अन्य प्रक्रियामा २०२० को अन्त्यतिर ब्राजिलमा प्रभावकारी देखिएको थियो, तर पनि सन् २०२१ को पहिलो आधाआधीमा भने यहाँ महामारीको फैलावट निकै बढेको थियो ।

त्यो क्रम अहिले पनि रोकिएको छैन । अहिले पनि सो महामारीको प्रकोप झन् बढेको फियोक्रुजका वरिष्ठ अधिकारी ओरेलानाले एएफपीलाई बताउनु भएको छ । कोरोना विरुद्धको खोपका कारण हालको महामारीको परिस्थितिमा आमूल परिवर्तन भएको पनि उहाँले बताउनु भएको छ । तर मृत्यु हुनेहरुको संख्या नघट्नु दुःखद भएको उहाँको भनाइ छ ।

### भारतमा एक करोड १२ लाख ६२ हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २६ फागुन (रासस/सिन्ह्वा) ।

भारतमा गत २४ घण्टामा १७ हजार ९२१ जनामा कोभिड-१९ को सङ्क्रमण देखिएपछि कुल कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड १२ लाख ६२ हजारभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोभिड-१९ सङ्क्रमणको कारण १३३ जनाको मृत्यु भएपछि कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५८ हजार ६३ जना पुगेको छ । हाल भारतमा एक लाख ८८ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । केही दिनयता भारतमा सक्रिय सङ्क्रमितको संख्या बढेको पाइएको छ ।

यसैबीच कोभिड-१९ को सङ्क्रमण शुरु भएयता भारतमा हालसम्म एक करोड नौ लाख २० हजारभन्दा बढी कोरोना भाइरस मुक्त भएका छन् । भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको थियो । सो समयदेखि हालसम्म देशभरी दुई करोड ४० लाख व्यक्तिले खोप लगाइसकेका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले मंगलबारसम्म देशभर २२ करोड ३४ लाख ७९ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । हिजो मंगलबार एकै दिनमा सात लाख ६३ हजार ८१ जनाको कोभिड-१९ परिक्षण भएको पनि समाचारमा जनाइएको छ ।

# मन्त्री साहद्वारा ज्येष्ठ नागरिक भवन उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले सप्तरीको कंचनरुप नगरपालिका वडा नं १२ रुपनगरको ज्येष्ठ नागरिक मिलन केन्द्रको बुधबार उद्घाटन गरेका छन् ।

उक्त भवनको सद्घाटन गर्दै मन्त्री साहले समाजका समग्र विकास, सामाजिक सद्भाव र ज्येष्ठ नागरिकको सम्मानका लागि यस्ता पूर्वाधारहरुको आवश्यकता रहेको वताए ।

उक्त अवसरमा सोही नगरपालिकाका नगर प्रमुख वसन्त कुमार मिश्र, उपप्रमुख निरु पोखरेल, जसपा नेपालका केन्द्रीय सदस्य कल्पना चौधरी, श्यामसुन्दर सरदार लगायतका उपस्थित रहेको थियो ।

## *१४ सांसदको..*

बैठकमा एक मिनेट मौन धारणसमेत गरिएको थियो । बैठकले प्रतिनिधिसभा सदस्य सानु शिवा र सूर्यबहादुर केसी तथा पूर्व सांसद दीपकबहादुर गुरुङ, डा राममान श्रेष्ठ, मानपुर चौधरी, वीरबहादुर लामा, ॐकारप्रसाद गौचन, इन्द्रहाङ लिम्बू, भीमप्रसाद गौतम, कमानसिंह लामा, गङ्गादत्त जोशी, एकनाथ रानाभाट, कुबेरप्रसाद शर्मा र डा शङ्करप्रसाद उप्रेतीको निधनप्रति शोक प्रस्ताव पारित गरेको हो ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्ने निर्णय गरेपछि पहिलो बैठक यही फागुन २३ गते बसेको थियो । पहिलो बैठक अवरुद्ध भएपछि सूचना टाँस गरी बुधबारका लागि बोलाइएको थियो । प्रतिनिधिसभाको अर्को बैठक आगामी चैत ३ गते अपराह्न १ बजे बस्ने भएको छ ।


### राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# भण्टावारीबाट ४९ किलो गाँजा बरामद

इनरुवा, २६ फागुन (रासस) ।

सुनसरीको कोशी गाउँपालिका-८ भण्टावारीबाट मङ्गलबार साँझ ठूलो परिमाणमा अवैध गाँजा बरामद भएको छ ।

सशस्त्र प्रहरीले केरा बगैँचामा लुकाएर राखिएको अवस्थामा ४९ किलो लागुऔषध गाँजा बरामद गरेको सशस्त्र प्रहरी बल भण्टावारीका इञ्चार्ज भुवन खड्काले बताउनुभयो ।

निजी जग्गामा राखिएको केरा बगैँचाको माटोमुनि लुकाएर राखिएको अवस्थामा गाँजा बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

गाँजा भेटिएको ठाउँबाट भारतीय बजार निकै नजिक भएका कारणले भारतीय बजारमा बिक्रीका लागि लैजाने उद्देश्यले गाँजा भण्डारण गरेर राखिएको हुनसक्ने प्रहरीको अनुमान छ ।

पछिल्लो सयम सुनसरीका विभिन्न सीमावर्ती नाकाबाट अवैध गाँजा तस्करी हुने गरेको सीमा क्षेत्रका स्थानीयवासीले बताएका छन् । घटनाका विषयमा थप अनुसन्धान भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

# एमाले पार्टी कार्यालय सप्तरीमा बोर्ड लगाइयो

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सर्वोच्च अदालतले नेकपा कम्युनिष्ट पार्टी (नेकपा)लाई गरेको बदरका कारण पार्टी विभाजित भएपछि नेकपा एमाले सप्तरी जिल्ला पार्टी कार्यालयमा बुधबार नेकपा एमाले लेखिएको बोर्ड लगाइएको छ ।




नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले राजविराज ८ स्थित मदननगरमा साविककै नेकपा एमालेको पार्टी कार्यालयमा बोर्ड लगाएको हो ।

बुधबार एक कार्यक्रमबीच पार्टीका स्थायी कमिटि सदस्य सत्यनारायण मण्डलले नेता कार्यकर्तालाई निर्देशन दिँदै पार्टीलाई व्यवस्थित ढंगले लैजानु पर्ने सुझाव समेत दिएका थिए । सो अवसरमा जिल्लाका नेता कार्यकर्ताहरुको सहभागिता रहको थियो ।

# एसइई जेठ १३ देखी

भक्तपुर, २६ फागुन (रासस) ।

विसं २०७७ को कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७८ जेठ १३ देखि सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डको मंगलबारको बैठकले एसइई परीक्षा सञ्चालनको मिति निर्धारण गर्दै जेठ १३ गतेदेखि २४ गतेसम्म परीक्षा सञ्चालन गर्ने निर्णय गरिएको परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक रामराज खकुरेलले जानकारी दिनुभयो ।

# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*